## इन्द्रावती गाउँपालिकाको मिति२०७९।१०।०४ गतेको पन्ध्रौ गाउँ कार्यपालिकाको वैठक

बैठक संख्या : १५
मिति : २०७९।१०।०५ गते
समय : दिउसो १.०० बजे
स्थान : गाउँपालिकाको सभा हल, नवलपुर

आज मिति २०७९।१०।०५ गते यस गाउँपालिकाका अध्यक्ष श्री झम्क नाथ नेपाल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पन्ध्रौ वैठक देहायका पदाधिकारी ज्यूहरुको समुपस्थितिमा देहायका निर्णय गरियो ।

उपस्थिति :

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री झम्क नाथ नेपाल | अध्यक्ष | |
| २ | श्री सोभना तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री चिनलाल तामाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री श्याम वहादुर गिरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भिमसेन थापा | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री क्षेत्रवहादुर तामाङ्ग | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री शशिनाथ आचार्य | ५ नं. वडा अध्यक्ष | |

Scanned with OKEN Scanner

ईन्द्रावती गाउँपालिकाको मिति२०७९।१०।०४ गतेको पन्धौ गाउँ कार्यपालिकाको वैठक

| | | | |
|---|---|---|---|
| ८ | श्री ईन्द्रवहादुर तामाङ्ग | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री रवीन्द्र कुमार खाती | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री डिलवहादुर श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री वावुराम लामा | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री रामचन्द्र घिमिरे | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री रामजी माझि | ११ नं वडा अध्यक्ष | |
| १४ | श्री सुरेन्द्र वहादुर दनुवार | १२ न. वडा अध्यक्ष | |
| १५ | श्री तिलक वहादुर रोक्का | कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता कार्की | कार्यपालिका सदस्य | |
| १७ | श्री गिता सोनाम | कार्यपालिका सदस्य | गीता |
| १८ | श्री मिठु नेपाली | कार्यपालिका सदस्य | मीठु |
| १९ | श्री सिता तिरुवा | कार्यपालिका सदस्य | |

बैठक (मा) अध्यक्ष

ईन्द्रावती गाउँपालिकाको मितिर२०७३।१०।०४ गतेको पन्धौ गाउँ कार्यपालिकाको वैठक

| | | | |
|---|---|---|---|
| २० | श्री रामहरी दनुवार | कार्यपालिका सदस्य | |
| २१ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |
| २२ | भाष्कर पन्त | लेखा अधिकृत | |
| २३ | रामाराम घिमिरे | इन्जिनियर | |
| २४ | परशुराम [illegible] | स्वास्थ्य संयोजक | |
| २५ | रविना [illegible] | कृषि अधिकृत | |

[illegible] नाथ नेपाल
अध्यक्ष

ईन्द्रावती गाउँपालिकाको मिति २०७९।१०।०४ गतेको पन्ध्रौ गाउँ कार्यपालिकाको वैठक

प्रस्तावहरु

(१) मासिक समिक्षा ।

(२) स्थानीय तह स्वमुल्यांकन र वित्तीय जोखिम मुल्यांकन समिक्षा ।

(३) अध्ययन कार्यदल सम्वन्धमा ।

(४)वोलपत्र आव्हन भई अधुरा रहेका निर्माण आयोजना सम्वन्धमा ।

(५) विविध ।

**निर्णयहरु**

निर्णय नं (१)

प्रस्ताव नं १ माथि छलफल गर्दा गत पौष महिनामा गाउँपालिकामा भएका काम कार्वाहीहरुको कारवाहीको समिक्षा भयो । गाउँपालिका कार्यालय , वडा कार्यालय , र अन्य निकायहरुवाट भएका कामकारवाहीलाई अझ चुस्त दुरुस्त वनाउदै जाने गरि गाउँपालिकालाई निर्देशन दिने ।

निर्णय नं (२)

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आर्थिक वर्ष २०७८।२०७९ मा गाउँपालिकामा भएका सम्पुर्ण काम कारवाहीहरुको स्थानीय तह स्वमुल्यांकन कार्यविधि २०७६ र वित्तिय जोखिम मुल्यांकन २०७८ वमोजिम मुल्यांकन प्रतिवेदन तयार भएको सम्वन्धमा कार्यविधिले तोकेको प्रत्येक सुचकहरुलाई गहन रुपमा अध्ययन छलफल भयो । स्वमुल्यांकन र वित्तिय जोखिम मुल्यांकनका लागि पेश भएका कतिपय सुचकहरु पुरा गर्न गाउँपालिकाले अझै प्रयास गर्नु पर्ने त्यस तर्फ ध्यान केन्द्रीत गरि आगामी दिनमा सुचकहरुलाई पुरा गर्न गाउँपालिका कार्यालयलाई निर्देशन दिने साथै गाउँपालिकाले तयार गरेको विवरणहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको पोर्टलमा पोष्ट भईसकेकोमा उक्त पोर्टलमा पोष्ट भएका विवरणहरुलाई मुल्यांकन गरि दिनु हुन जिल्ला समन्वय समिति चौतारा सिन्धुपाल्चोक मार्फत प्रदेश सुशासन केन्द्रलाई अनुरोध गर्ने साथै गाउँपालिकाले पोर्टलमा प्रविष्ट सुचकहकहरुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने ।

३) (क) प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपीलिका वडा नं ११ लाई कार्यक्षेत्र वनाई क्रियाशिल जय नेपाल नामक संस्थाले संस्थावाट संचालित वोडगाउँ सामुदायिक स्वास्थ्य केन्द्र गाउँपालिकाको स्वामित्वमा रहने गरि साझेदारीमा संचालन गर्न प्रस्ताव पेश गरेकोमा प्रस्ताव सहित समग्र पक्षको अध्ययन गरि अध्ययन प्रतिवेदन गाउँ कार्यापालिकामा पेश गर्ने प्रयोजनको लागि देहायका पदाधिकारी रहने गरि एक अध्ययन कार्यदल गठन गर्ने र उक्त समितिले १० दिन भित्र प्रतिवेदन तयार गरि पेश गर्ने ।

झलक नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

ईन्द्रावती गाउँपालिकाको मिति २०७९।१०।०४ गतेको पन्धौ गाउँ कार्यपालिकाको वैठक

तपशिल

(क) श्री रामजी माझी ११ नं वडा अध्यक्ष संयोजक

(ख) श्री रामचन्द्र घिमिरे १० नं वडा अध्यक्ष सदस्य

(ग) श्री रामहरी दनुवार कार्यपालिका सदस्य

(घ) डा धर्मेन्द्र पाण्डेय सदस्य

(ङ) श्री राममणी कोइराला सदस्य सचिव

(३) (ख) प्रस्ताव नं (४) माथि छलफल गर्दा यस गाउँपालिका र मेलम्ची नगरपालिकाको सिमाना भई वग्ने ईन्द्रावती नदिको वहावको विषयमा उत्पन्न भएको विवादको समाधान गर्ने सम्वन्धमा मेलम्ची नगरपालिकाले तोकेको पदाधिकारीहरु सँग स्थलगत रुपमा अध्ययन र वार्ता गरि प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि देहायका पदाधिकारीहरु रहने गरि एक अध्ययन कार्यदल गठन गर्ने ।

तपशिल

(क) श्री शशिनाथ आचार्य ५ नं वडा अध्यक्ष संयोजक

(ख) श्री सागर सापकोटा सव–ईन्जिनियर सदस्य

(ग) श्री सिद्धान्त तामाङ्ग अमिन सदस्य सचिव

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाद्धारा आर्थिक वर्ष २०७८।२०७९ मा र चालु आ.वमा समेत वोलपत्र आव्हान भई विभिन्न आयोजनाहरुको निर्माण कार्य वोलपत्रदाताहरु मार्फत निर्माण गर्ने गरि सम्झौता भएकोमा देहायका वोलपत्रदाताहरुको निर्माण कार्य पटक पटक म्याद थप गर्दा समेत निर्माण कार्यको प्रगति आशातित नभएको र पटक पटक पत्राचार गर्दा समेत पत्र र सम्झौता प्रति उदाशिन, गैर जिम्मेवार र लापरवाहीपुर्ण व्यवहार प्रस्तुत भएकोमा गाउँकार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। फलत: आयोजनालाई सम्झौता वमोजिम समयमा सम्पन्न गर्नु वोलपत्रदाताको प्रमुख जिम्मेवारी हो भन्ने विषयलाई नजर अन्दाज नगरी यस गाउँपालिकावाट पटक पटक प्रत्राचार गर्दा समेत कार्य प्रति उदाशिन रहि जिम्मेवारीवाट विमुख भएका वोलपत्रदाताहरुलाई सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम कारवाहीको कार्य प्रकृया वढाउन गाउँपालिका कार्यालयलाई निर्देशन दिने र कार्वाही प्रकृयाको प्रगति आगामी गाउँ कार्यपालिकामा पेश गर्ने ।

झक्क नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

ईन्द्रावती गाउँपालिकाको मिति २०७९।१०।०४ गतेको पन्धौ गाउँ कार्यपालिकाको वैठक

तपशिल

(क) सिपाघाट रिपेनी तिनघरे आँपचौर सडक स्तरउन्नती योजना (प्यासिफिक ईन्जिनियरिङ्ग प्रा.ली)

(ख) नवलपुर ज्यामिरेमाने सडक स्तरोउन्नती योजना (धिसिङ्ग यू एण्ड एस जे.भि)

(ग) इन्द्रावती गाउँपालिकाको प्रशासनिक भवनको ल्याण्ड स्केपिङ्ग (निर्मल कन्सटक्सन एण्ड क्लिन सर्भिस

(घ) नवलपुर मा.विको विद्यालय भवन निर्माण (धुलिखेल यू.एस जे.भि काभ्रे)

(५) विविध

(क) यस गाउँपालिका वडा नं ९,१०,११ र १२ नं वडामा वसोवास गर्ने जनताहरुको सहजताको लागि यस गाउँपालिका वडा नं १२ र मन्डनदेउपुर वडा नं ७ जोडने खहरे दोभान ईन्द्रावती नदी माथि हरेक वर्ष कार्तिक १ गते देखि जेष्ठ मसान्त सम्मका लागि गाउँपालिका कार्यालयवाट आवागमन सहजताको लागि अस्थायी पुल निर्माण गर्ने ।

(ख) यस वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौडाको पत्र संख्या ०७९।०८० चलानी नंम्वर ३६७ मिति २०७९।०९।२२ को पत्रानुसार अपाङ्गता ग्राम निर्माण तथा संचालनको लागि स्थान छनौट गरि पठाइदिने व्यहोराको पत्रानुसार यस गाउँपालिका वडा नं ५ मा रहेको गोल्माथान स्थानमा अपांङ्गता ग्राम संचालनको लागि उपयुक्त स्थान रहेकोले उक्त स्थानमा अपांगता ग्राम तोक्ने र उक्त स्थानमा आवश्यक वजेट, कार्यक्रम र योजनालाई प्राथमिकता साथ राखिदिनु हुन वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

ग) संघीय सरकार र यस गाउँपालिकाको लागत साझेदारीमा निर्माण हुने गरि प्रस्ताव गरिएको यस गाउँपालिका वडा नं ४ र वडा नं १ जोडने सडकको नाममा नवलपुर– लहरेमाने– मानेडाडाँ सडकमा नवलपुर शव्द छुटन गएकोमा उक्त सडकलाई नवलपुर– लहरेमाने– छहरे–मानेडाडाँ सडक नामाकरण गरि आगामी आवमा वोलपत्र आव्हान गर्ने ।

ग) तामाङ्ग (वौद्ध धर्मावलम्वी) समुदायहरुको महान चाड सोनाम ल्होछारको पावन अवशरमा यही मिति २०७९।१०।०९ गते सार्वजनिक विदा दिने ।

(ग) मेलमिलाप कार्यविधि २०७९ पारित गर्ने ।

(ड) वागमती प्रदेश सरकार पूर्वाधार विकास कार्यालय चौताराको लागतमा यस गाउँपालिका वडा नं ७ ,८,र ९ अन्तर्गत पर्ने देउराली झयाडी सडक निर्माणमा ढीलाईमा भएको सन्दर्भमा गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएकोले उक्त सडकको निर्माण कार्यलाई यथासिघ्र संचालन गरिदिनु हुन पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकलाई ध्यानाकर्षण गर्ने ।

अशोक नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner

ईन्द्रावती गाउंपालिकाको मिति २०७९।१०।०४ गतेको पन्ध्रौ गाउँ कार्यपालिकाको बैठक

(च) यस गाउँपालिका वडा नं १ मा पर्ने वसेरी भन्ने स्थानलाई स्थानान्तरण गर्ने सम्वन्धमा वडा नं १ को सिफारिस प्राप्त भएकोमा उक्त वस्ति जोखिम युक्त समेत रहेकोले वस्ति स्थानान्तरणको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

(छ) यस गाउँपालिका वडा नं ४ मा पर्ने वेशिगाउँ देखि वडा नं १ ढाडे वसेरी जोडने १०० मिटर लम्वाई झोलुङ्गे पुल निर्माणको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

गोरख नाथ नेपाल
अध्यक्ष

Scanned with OKEN Scanner